# पाणिनी गाउँपालिका

Panini Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

W744+QGC

9857086520

दुर्गाफाँट, अर्घाखाँची

Durgaphant, Arghakhanchi

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal


पत्र सङ्ख्या/Letter: No : २०८१/८२

चलानी नं./Ref No:

मिति/ Date : २०८१।१२।१९

**सार्वजनिक जग्गामा वृक्षारोपण अनुदानको लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/३१)

समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सार्वजनिक जग्गामा वृक्षारोपण वा कृषि वन स्थापनाका लागि "सार्वजनिक जग्गामा वृक्षारोपणका लागि अनुदान कार्यक्रम" कार्यान्वयन गरिने भएकोले, यस पालिकाभित्र रहेका सार्वजनिक जग्गा, गुठीको जग्गा, विद्यालयको जग्गामा वृक्षारोपण गर्न इच्छुक सार्वजनिक जग्गा व्यवस्थापन समूह/संघ-संस्था/अन्य समूहहरूले आफूले रोप्न चाहेको बहुपयोगी मिश्रित प्रजातिहरु छनोट गरी कम्तीमा ०.५ हेक्टर क्षेत्रफलमा ८०० विरुवा रोप्ने गरी आवेदन दिन भनि मिति २०८१।१०।२२ गते सूचना प्रकाशन भएकोमा पर्याप्त मात्रामा निवेदनहरु नआएको हुँदा पुन इच्छुक समूह, व्यवस्थापन समिती, संघ-संस्थाले यो सूचना प्रकाशन भएको मितिले सात (१२) दिन (मिति२०८१/१२/३१ गते कार्यलय समय भित्र) सम्बन्धित वडा कार्यालय वा यस गाउँ पालिकाको कार्यालयमा निवेदन पेश गरिदिनुहुन यो दोश्रो पटक सूचना प्रकाशन गरिएको सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

__आवश्यक कागजातहरू:__

१. वृक्षारोपण गर्न इच्छाइएको प्रजाति, बिरुवाको संख्या र अनुमानित क्षेत्र उल्लेख गरिएको निवेदन।

२. सार्वजनिक जग्गा व्यवस्थापन समूहको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, संघ-संस्थाको हकमा व्यवस्थापन समिति/सञ्चालक समितिको निर्णय, अन्य समूहको हकमा समूहको निर्णयको प्रतिलिपि।

३. सार्वजनिक जग्गामा वृक्षारोपण गर्न इच्छा रहेको स्पष्ट हुने समूह बैठकको निर्णयको प्रतिलिपि।

__अनुदान सम्बन्धी जानकारी:__

सार्वजनिक जग्गामा वृक्षारोपण गरेबापतको अनुदान रकम स्वीकृत लागत अनुमानको अधिकतम ५०% सम्म मात्र प्रदान गरिनेछ। अनुदान पक्रिया वृक्षारोपण अनुदान निर्देशिका बमोजिम हुनेछ।

__अतिरिक्त व्यवस्था:__

समूह/संस्थाले आवश्यक ठानेमा समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत उपलब्ध बजेटबाट माटो तथा जल संरक्षण कार्यक्रम (जस्तैः खोल्सो नियन्त्रण, साना पहिरो रोकथाम, कुलो व्यवस्थापन, वनस्पतिजन्य भूसंरक्षण कार्यहरू, जैविक बार, संरचनात्मक कार्यहरू आदि) समेत गर्न सकिनेछ।

__विस्तृत जानकारीका लागि:__

वन प्राविधिक श्री तिलकराम बन्जाडे (फोन: ९८६९०३९०८९) सँग सम्पर्क गर्नुहुन अनुरोध छ।

(रोमनाथ न्यौपाने)

प्रमुख प्रशासकीय अधिकृत